जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.वि.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २३६ २०८० साल बैशाख १० गते आइतबार (23 Apr. 2023 Sunday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थतन्त्रमा सुधारको संकेत.. ३ पृष्ठमा : मधुवाको समस्याले किसान... ३ पृष्ठमा : प्रधानमन्त्री सहभागी हुने...

## सप्तरीमा ईदको रौनक

# आपसी सद्भाव मजबुत बनाउन विभिन्न कार्यक्रम

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

एक महिना लामो रमजानको समाप्तिसँगै मुस्लिम समुदायले पवित्र ईद पर्व शनिबार धुमधामका साथ मनाएका छन् । मुश्लिम समुदायले पवित्र नमाज पढ्दै तथा विपन्न परिवारलाई सहयोग र खाद्यान्न बितरण गर्दै ईद पर्व मनाएका हुन् ।

राजविराज ४ स्थित नुरि जामा मस्जिद अगाडी मुश्लिम समुदायका मात्र नभई भिक्षाटनका लागि पुगेका हिन्दु धर्मावलम्बीलाई पनि जकात दिएर धार्मिक सद्भावको उदाहरण प्रस्तुत समेत गरे ।

यस अवसरमा नुरि जामा मस्जिद कमिटि तथा स्थानिय मुश्लिम अगुवाहरुको अगुवाईमा मुख्य बजार क्षेत्र राजविराजको मेनरोडमा तवरुख (सेवई खिरको प्रसाद) बितरण कार्यक्रमको आयोजना पनि गरियो । जसमा हिन्दु समुदायका व्यक्ति पनि उल्लेख्य संख्यामा सहभागि भई तवरुख (प्रसाद) ग्रहण तथा एक अर्कालाई अंगालो हालेर शुभकामना आदान प्रदान गरे ।



मस्जिद तथा ईदगाहाहरुमा बिहानैदेखी मुश्लिम धर्मावलम्बीहरु पवित्र नमाजका लागि एकत्रित भएका थिए । पवित्र नमाज पढेपछि जकात अर्थात दान प्रदान गरिएको थियो । एक महिने कठोर ब्रत रोजाको उपवासपछि चन्द्रोदयको दर्शनसँगै मुश्लिम समुदाय ईद पर्व मनाएको नुरि जामा मस्जिदका मौलाना कैश रजाले बताए ।

नेपाली काँग्रेसका युवा नेता एवं नुरि जामा मस्जिद कमिटिका महासचिव ईर्साद अन्सारीले ईदको नमाज पढ्नु भन्दा पूर्व रोजामा भएको त्रृटी वा रोजामा थप शुद्धताका लागि प्रत्येक व्यक्तिले २ किलो ४५ ग्रामका दरले गहुँ वा सो बराबरको रकम फितराको रुपमा अनिवार्य रुपमा मदरसा तथा गरिबलाई दान गर्ने परम्परालाई यस पल्ट पनि निरन्तरता दिइएको बताए ।

त्यस्तै नुरि जामा मस्जिद कमिटिका अध्यक्ष तैयब अन्सारीले हरेक उमेर समूहका व्यक्ति सहभागि हुने यस पविज्ञ पर्वको मुख्य उद्देश्य आपसी भाईचारा र सद्भाव अझ प्रगाढ बनाउने तथा आर्थिक रुपमा कमजोरलाई सहयोग गर्नु नै रहेको बताए ।

नुरि जामा मस्जिदका साथै जिल्लाको तोपा, रायपुर, फर्सैठ, पकरी, तरही, हनुमाननगर, कंचनपुर, कल्याणपुर, कुशहा, बोदेबरसाई, मुहली लगायतका स्थानमा रहेका मस्जिद र ईदगाहाहरुमा पनि बिहानैदेखी नमाज पढ्नेको घुँइचो लागेको थियो ।

यस दिन हिन्दु धर्मावलम्बीका ईष्टमित्रलाई समेत निमन्त्रणा गरि आफ्नो घरमा खुवाउने र यसले सामाजिक सद्भाव बढाउने काम गरेको मुस्लिम अगुवा राजविराज ४ निवासी फैयाज अन्सारीको भनाई छ ।

## गण्डकीका मुख्यमन्त्री अधिकारी पदमुक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, ९ बैशाख ।**

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभामा विश्वासको मत हासिल गर्न नसक्दा उनी शनिबार पदमुक्त भएका छन् ।

६० प्रदेशसभा सदस्य रहेको उक्त प्रदेशमा विश्वासको मत पाउन कम्तीमा ३१ सांसदको समर्थन जुटाउनुपर्नेमा अधिकारीले एमाले र राप्रपाका सांसदको गरी २४ मत पाए ।

मुख्यमन्त्री अधिकारीको विश्वासको मतको विपक्षमा ३५ मत खसेको छ । नेपाली कांग्रेसका २७, माओवादी केन्द्रका ७ र हालै नेकपा एकीकृत प्रवेश गरेका राजीव गुरुङ अर्थात दिपक मनाङेले अधिकारीलाई मत दिएनन् ।

सत्ता सारथि नेकपा माओवादी केन्द्रले चैतको १० गते अधिकारीलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएको थियो । माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री अधिकारीले प्रदेशसभामा विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता उत्पन्न भएको थियो ।



# अर्थतन्त्रमा सुधारको संकेत देखा परेको छ : प्रधानमन्त्री

काठमाडौँ, ९ वैशाख (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्रमा सुधारको सङ्केत देखा परेको बताउनुभएको छ। उहाँले ढुक्क हुने अवस्थामा नपुगेको र चुनौती भने कायम रहेको बताउनुभएको छ।

प्रधानमन्त्री दाहालले सामूहिक प्रयासबाट मात्रै अर्थतन्त्रको समस्या समाधान गर्न सकिन्छ भन्ने विश्वासका साथ सरकार लागिपरेको उल्लेख गर्नुभयो। 'बाह्रखरी मिडिया'ले गोकर्ण रिसोर्टमा आयोजना गरेको 'एनसेल बाह्रखरी गल्फ र आर्थिक परिसंवाद' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएका मूल्यमान्यता, दर्शनको अध्ययनका अलावा नेपाली समाजको नै खास अर्थमा अध्ययन तथा विश्लेषण गरेर नेपाली जनताको दीर्घकालीन हितका लागि लागिपर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्री दाहालले विचार, सिद्धान्त, राजनीति मूल्य र मान्यताको कुरा हराउँदै गएको उल्लेख गर्नुभयो। उहाँले नेपालमा उपभोक्तावाद र तत्काल नाफा नोक्सानतिर अघि बढ्दा राष्ट्र र आमजनताको हित प्राथमिकतामा नपरेको स्पष्ट पार्नुभयो। देशमा जनता र समाजको हितभन्दा तत्कालीन विषय र नाफा नोक्सान प्राथमिकतामा पर्ने गरेको उहाँको भनाइ थियो।

प्रधानमन्त्री दाहालले राजनीतिमा पनि आवेग र सेन्टिमेन्टतर्फ विषय जाने हो कि भन्ने खतरा देखापरेको तथ्य पेस गर्नुभयो। नेपालमा विकसित भएको मूल्य मान्यतातर्फ नै केन्द्रित गर्नुपर्नेमा विदेशमा स्थापित भएका मूल्य र मान्यतालाई मात्रै मान्नुपर्छ भन्ने सोचले काम गरिरहेको उहाँको भनाइ थियो।

**विदेशी भन्नेबित्तिकै राम्रो, नेपाली नराम्रो भन्ने मानसिकता त्यागौँ**

प्रधानमन्त्री दाहालले विदेश र विदेशी भन्नेबित्तिकै राम्रो र नेपाली नराम्रो भन्ने मानसिकता त्यागेर मात्र राष्ट्रिय अर्थतन्त्रको निर्माण र समृद्ध नेपाल सम्भव हुने बताउनुभयो। विदेशका अनुभव, शिक्षा र दृष्टान्तलाई बढी महत्व दिएर नेपाली विशेषता र मौलिकता नभुल्न सहभागीलाई उहाँले आग्रह गर्नुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामीले विश्व पढ्नैपर्छ, विश्वका अनुभव र दृष्टान्त पनि पढ्नुपर्छ। तर त्यसभन्दा बढी नेपालको इतिहास पढ्नुपर्दछ। हाम्रो अर्थराजनीतिक चरित्र, हाम्रो विशेषता र मौलिकता पढ्नुपर्छ। हामीकहाँ विदेशी भन्नेबित्तिकै राम्रो, नेपाली चाहिँ नराम्रो भन्ने मानसिकता पनि देखिन्छ। यसले राष्ट्रिय अर्थतन्त्र निर्माण, समृद्धि र स्वाधीनतालाई सहयोग गर्दैन। विश्वका मोडेल र अनुभव पढ्दै गर्दा हामीले हाम्रो आफ्नोपन पढौँ र सोहीअनुरूप नीति तय गरौँ।"

अर्थनीति र अर्थतन्त्रबारे विश्वमा आआफ्नै मोडेल रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो- "नवउदारवाद र समाजवादी अर्थतन्त्रका आआफ्नै चरित्र र विशेषता छन्। तर त्यसलाई हुबहु अवलम्बन गरेर हाम्रो अर्थनीति बनाउन सकिँदैन।" प्रधानमन्त्री दाहालले हाम्रो अर्थराजनीति, उत्पादन पद्धति अरूको भन्दा मौलिक रहेको उल्लेख गर्दै यसमा धेरै व्यक्ति अलमलिएको बताउनुभयो। हाम्रो संविधानले निजी, साझेदारी र सहकारीको तीनखम्बे अर्थनीति अवलम्बन गरेकाले विश्वका अरू मोडेलसँग हुबहु नमिल्ने उहाँले बताउनुभयो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रभित्र राष्ट्र निर्माण र समृद्धिको मार्गचित्र स्पष्टतापूर्वक राखिएको प्रधानमन्त्री दाहालले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले तीन तहको सरकारको अवधारणा अभ्यास गरिरहेका छौँ। यसभित्र निकै ठूलो अर्थ छ। हामीले केन्द्रिकृत मानसिकता भत्काएर अवसर र विकासलाई तलसम्म लैजाने सङ्कल्प गरेका छौँ। तर हाम्रो मानसिकता चाहेजस्तो बदलिएको छैन। हाम्रो कर्मचारीतन्त्र, सुरक्षा संयन्त्र पुरानो सोचबाट माथि उठ्न सकेको देखिएको छैन। सङ्घीयता र परिवर्तनको आत्मसातीकरण गर्न सकेको देखिँदैन। यसमा अझै मेहनत गर्न आवश्यक छ।"

**सिंहदरबार केन्द्रित मानसिकतामा परिवर्तन भएन**

आमजनतालाई आर्थिक विकास र सामाजिक मूल्य र मान्यतामा स्थापित गर्ने सोचका साथ तीन तहको सरकार स्थापना गरिएको भए पनि अझै पनि सिंहदरबार केन्द्रित सरकारको मानसिकता परिवर्तन हुन नसकेको प्रधानमन्त्री दाहालले बताउनुभयो। देश सङ्घीयतामा गए पनि सिंहदरबारको मानसिकतामा परिवर्तन आउन नसकेको उहाँले उल्लेख गर्नुभयो।

"आमजनतालाई आर्थिक र राजनीतिक क्रियाकलापमा कसरी संलग्न गराउन सकिन्छ भनेर तीन तहको सरकार बनाइएको हो। तर, अहिले पनि हामी सिंहदरबारको सोचबाट मुक्त हुन सकेका छैनौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

नेपालको संविधान समाजवाद र पुँजीवादका राम्रा कुरा समावेश गरेर नेपालको संविधान निर्माण भएको उहाँले स्पष्ट पार्नुभयो। नवउदारवाद र समाजवादका कुरा गर्दागर्दै पनि आम नेपालीको सोचमा अझै स्पष्टताको अभाव रहेको उहाँले बताउनुभयो।

नेपालको आर्थिक, सामाजिक, दार्शनिक अध्ययन नगरी विदेशी नीति पछ्याउने क्रम चलेको भन्दै प्रधानमन्त्री दाहालले यस्तो सोच उचित नहुने बताउनुभयो। अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएका मान्यताका अध्ययन गर्नै पर्ने भए पनि नेपालका लागि नेपालकै नीति र सोचलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ थियो।

निजी क्षेत्रलाई सम्मान गरेर अगाडि जान सरकार तयार रहेको भए पनि हाम्रो सोचमा परिवर्तन हुन नसकेको प्रधानमन्त्री दाहालले बताउनुभयो। आफूले गरेको निरन्तर प्रयासका बाबजुद राजस्व सङ्कलनमा वृद्धि भएको, वैदेशिक मुद्राको सञ्चितीमा वृद्धि हुँदै गएको, ब्याजदर क्रमशः ओरालो लाग्दै गएको तथ्य उहाँले पेस गर्नुभयो।

प्रधानमन्त्री दाहालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा केही सुधारका महत्वपूर्ण एजेण्डा स्थापित गरेर जाने विश्वास दिलाउनुभयो। उहाँले निजी क्षेत्रको हित र चासोविपरीत गएर कुनै पनि ऐन तथा कानुन नबनाउने विश्वास दिलाउनुभयो। त्यसअघि प्रधानमन्त्री दाहालले गल्फ प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो।

**अर्थतन्त्र सुधारका लागि पूर्ण ऊर्जा लगाएको छु: अर्थमन्त्री डा महत**

अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रमा देखिएको समस्या समाधानक ा लागि आफूले पूर्ण ऊर्जा लगाएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "हाम्रो साधन र स्रोत थोरै छ। गर्नुपर्ने काम धेरै छ", अर्थमन्त्री डा महतले भन्नुभयो।

उहाँले केही विषयमा नीतिगत हस्तक्षेप नै गर्नुपर्ने सोचसमेत आफ्नो रहेको बताउनुभयो। अर्थमन्त्री एक्लैले आम चासो र चिन्तालाई सम्बोधन गर्न नसक्ने भएकाले तत्काल नतिजा नआउने भएकाले धैर्य गर्न उहाँले आग्रह गर्नुभयो।

अर्थतन्त्रलाई चलायमान बनाउन र बाधा हटाउन पहल भइरहेको स्पष्ट पार्दै उहाँले राजस्व सङ्कलनमा देखिएको समस्या समाधान गर्न पहल भइरहेको बताउनुभयो। ब्याजदरमा भएको वृद्धिका कारण लगानीमैत्री वातावरण बन्न नसकेको उल्लेख गर्दै उहाँले मौद्रिक नीतिमार्फत अर्थतन्त्रलाई चलायमान बनाउन नेपाल राष्ट्र बैंकको नेतृत्वसँग पनि छलफल गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "हामी धेरै निरास नहोऔँ, अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ। केही समय धैर्य गरौँ", अर्थमन्त्री डा महतले भन्नुभयो।

उहाँले राज्यको प्राथमिकतामा नपरेका विषयमा अनुदान र ऋण लिन उचित नभएको बताउनुभयो। अर्थमन्त्री डा महतले आवश्यकता बाहिर सहयोग लिइरहेको भन्दै प्राथमिकता निर्धारण गरेर मात्र बाह्य सहयोग लिनुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "प्राथमिकता निर्धारण गरेर लिनुपर्छ। के लिने नलिने के माग्ने नमाग्ने यथेष्ठ कुरा हुनुपर्छ।"

वैदेशिक सहयोगमा सञ्चालित आयोजनासमेत विभिन्न अवरोधका कारण समस्या खडा भएको उल्लेख गर्दै अर्थमन्त्री डा महतले पूर्वतयारी पूरा गरेर मात्रै परियोजना अगाडि बढाउन सकिए कुनै पनि समस्या नहुने बताउनुभयो।

**आर्थिक वृद्धिको आधार तयार पार्न हामी सबै जुट्नुपर्छ : अध्यक्ष ढकाल**

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नयाँ दशकमा नयाँ उत्साहका साथ हामी अगाडि बढ्न चाहेको भए पनि अर्थतन्त्रमा देखिएको समस्या समाधान गरेर जानुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "आर्थिक वृद्धिको आधार तयार पार्न हामी सबै जुट्नुपर्छ। बजारमा माग बढाउनु जरुरी छ। इन्धनको मागमा वृद्धि गरेर जानुपर्छ। राज्य र निजी क्षेत्रको साझा प्रयासबाट मात्रै अर्थतन्त्रको वर्तमान समस्या समाधान गर्न सकिन्छ।"

उहाँले निजी क्षेत्रलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छानबिन गर्न दिनेसम्बन्धी संसद्मा विचाराधीन विधेयकप्रति गुनासो गर्नुभयो। कार्यक्रममा अर्थशास्त्री अच्यूत वाग्लेले अर्थतन्त्रसँग जोडिएको विषय समेटिएको कार्यपत्र पेस गर्नुभएको थियो। यस्तै कार्यक्रममा अर्थतन्त्रसँग जोडिएका अन्य विभिन्न चार वटा कार्यपत्र पेस गरिएको थियो।

# कोशी प्रदेश नामकरण कसैको विपक्षमा छैन : मुख्यमन्त्री कार्की

मोरङ, ९ वैशाख (रासस)।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशको नामकरण 'कोशी' कसैको विपक्षमा नभएको बताउनुभएको छ।

नेपाल बार एसोसिएसन उच्च अदालत विराटनगर बार एकाइको १३औँ कार्य समितिको वार्षिक साधारणसभा तथा बार भवन माथिल्लो तलाको शुक्रबार उद्घाटन गर्दै उहाँले नामकरण एउटा पक्षमा भएको भए अर्को पक्षलाई बिझाउँथ्यो होला त्यो नभएर साझा भएकाले यसलाई आत्मसात गरेर जान आग्रह गर्नुभयो।

मुख्यमन्त्री कार्कीले भन्नुभयो, "समयक्रममा भविष्यमा जनताको दुई तिहाइ मत प्राप्त भएमा संविधान एवं कानूनअनुसार प्रदेशको नाम परिवर्तन गरेर जान सकिने छ।" उहाँले प्रदेश सरकार स्थानीय तहसँग विकास, उत्पादकत्व वृद्धि, रोजगारीको अभिवृद्धि, सौन्दर्य अभिवृद्धि र राजस्वको वृद्धि यी सबै पक्षलाई जोडेर अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

मुख्यमन्त्री कार्कीले विगत १५ वर्षमा नभएका विकास प्रदेश सरकार निर्माण भएपछि जनताले अनुभूति प्राप्त गरेको जिकिर गर्नुभयो। उहाँले विगत पाँच वर्षको अवधिमा प्रदेश सरकारले आठ सय किलोमिटर कालोपत्र सडक, एक सय पक्की पुल, दुई सय झोलुङ्गे पुल र दुई सय भौतिक संचरना निर्माण गरेको जानकारी दिनुभयो।

मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले गरेका गल्तीको आलोचनालाई ग्रहण गर्दै आगामी दिनमा सुधार गर्ने प्रण गर्दै राम्रो कार्यको प्रशंसा गर्नसमेत आग्रह गर्नुभयो।

प्रदेशका मुख्य न्यायाधिवक्ता गजेन्द्र आचार्यले आचारसंहिताको पालन गरी उच्च मूल्य र मान्यता कायम राख्न अधिवक्ताहरूलाई आग्रह गर्नुभयो। वरिष्ठ अधिवक्त विपुलेन्द्र चक्रवर्तीले फुटेर होइन जुटेर स्वतन्त्र न्यायपालिका कायम राख्न आग्रह गर्नुभयो।

बार एकाइका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रदेश मुख्य न्यायाधिवक्ता चूडामणि आचार्य, पूर्वअध्यक्ष रमेश कोइराला, सुनसरी बार सचिव, पार्षद प्रेमप्रसाद पोखरेल, वीरेन्द्रप्रसाद गौतम, अनिल खड्का र भवन निर्माण संयोजक सुरेशलाल श्रेष्ठले कानून व्यवसायीहरूबीच विवाद, समाधान र एकता कायम राखी नागरिकलाई न्यायालयप्रति आस्था एवं विश्वास कायम गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने धारणा राख्नुभयो। प्रदेश सरकारको रु ४० लाख सहयोगमा बारको माथिल्लो तलाको सभा हलसहित भवन निर्माण गरिएको हो।

# उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा आइतबार सार्वजनिक बिदा

काठमाडौँ, ९ वैशाख (रासस)।

प्रतिनिधिसभा सदस्य उपनिर्वाचन हुने तीनवटा निर्वाचन क्षेत्रमा आइतबार सार्वजनिक बिदा दिइएको छ।

गृह मन्त्रालयले शुक्रबार एक सूचना जारी गर्दै सार्वजनिक बिदाबारे जानकारी दिएको हो। बारा जिल्ला क्षेत्र नं २, चितवन जिल्ला क्षेत्र नं २ र तनहुँ जिल्ला क्षेत्र नं १ मा वैशाख १० गते उपनिर्वाचन हुँदैछ।

मतदानस्थल रहेका विद्यालय तथा सरकारी निकायमा भने वैशाख ८ गतेदेखि १० गतेसम्म तीन दिन बिदा हुने मन्त्रालयले जनाएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मधुवाको समस्याले किसान हैरान

महोत्तरी, ९ वैशाख (रासस)।

आँपका मञ्जर नै मधुवा ( आँप र लिची फलका मञ्जरी र पातमा लाग्ने एक प्रकारको किरा) ले डढाएर सखाप पारेपछि बगैँचा खेतीका किसान निरास बनेका छन्।

आँपका बोटमा पात, हाँगा नदेखिने गरी मञ्जर (मञ्जरी, फूल) खिल्दा यसपालि बगैँचा खेतीबाट राम्रो आम्दानी लिने आश बोकेका किसान गर्मी चर्कंदै गएसँगै मधुवाले मञ्जर भसक्क डढाएपछि निरास भएका हुन्। नयाँ वर्ष लागेयता बगैँचा पुग्दा बीरक्त लाग्ने गरेको किसानको गुनासो छ।

"यतिखेर हाँगैपिच्छे आँपका टिकोला (चिचिला) का झुप्पा देखिन्थे, तर यसपालि मञ्जर डढेको कालो खरानी पो छ", महोत्तरीको भङ्गाहा-४ का बगैँचा खेतीका किसान हरिदेव साहले भन्नुभयो, "यो त होला भनेर आश गऱ्यो, त्यो आश पनि मरेपछि के हेरेर चित्त बुझाउनु ?" बगैँचाका आँपका बोटमा अहिले मधुवाले डढाएर कालो ढुसी परेका पात देखिने गरेको साह बताउनुहुन्छ। "मञ्जर त डढेर कालो खरानी भइहाल्यो, पातचैँ रुखमै कालो ढुसी परेको देखिँदैछ", उहाँले भन्नुभयो, "यी रोगव्याध र अभावचैँ हामी किसानकै रहेछन्।"

साहजस्तै उहाँकै बस्तीका अरुण गिरी, गङ्गाराम महतो, सत्यनारायण यादव र बीरेन्द्र महतो पनि आँपको मञ्जर मधुवाले भुसुक्कै डढाएपछि पिरोलिनु भएको छ। "आँप फुलेको देख्दा यसपालि राम्रै आम्दानी लिने सपना बुनिएको थियो" फलफूल किसान बीरेन्द्र महतो भन्नुभयो, "राम्ररी टिकोला (चिचिला) नै लाग्न नपाई मञ्जरमै डढ्यो।" मञ्जरलाई जेलेर मधुवाले डढाएपछि त्यसमा टिकोला नलाग्ने किसान बताउँछन्। समस्या बढेपछि मञ्जरमात्र नभएर पातै पनि डढाएर मधुवाले कालो बनाउँछ।

मधुवाको समस्याले व्यावसायिक रुपमै फलफूल खेती गर्ने यहाँका किसान निरास भएका छन्। फलफूल खेतीलाई नै गुजाराको मुख्य पेसा बनाएका किसानमा मधुवा रोगको समस्याले यसपालि चिन्ता बढाएको हो। "खै केही वर्ष पहिले त फलफूल खेती हेर्ने जेटी बाबु (कृषि सहायक) आएर यस्तो गर्नोस भनेर परामर्श दिन्थे" बर्दिबास नगरपालिका-९ पशुपतिनगरका फलफूल किसान विनोद महतोले भन्नुभयो, "अचेल त केही वर्षयता कोही सोधखोज गर्न आउँदैनन्, आफूले जानेको गरियो, केही लागेन।" समयसमयमा कृषि परामर्श नपाउँदा पनि आफूहरू पछि परेका फलफूल किसानको गुनासो छ। खासमा पहिलेका जिल्ला कृषि विकास कार्यालयको बागवानी शाखा र जिल्लाका अन्य भेगका कृषि सेवा केन्द र उपकेन्द्रबाट पाइने सल्लाह, सुझाव अब ती कार्यालय नै नरहेपछि पाउन छाडिएको किसानको भनाइ छ।

नयाँ संविधान लागू भएयता जिल्ला कृषि विकास कार्यालय छैन। त्यसअघिका इलाका र गाविस केन्द्रमा रहेका कृषि सेवा केन्द्र र उपकेन्द्र सम्बन्धित स्थानीयतहमा गाभिएका छन्। कानुनले पहिलेका यी निकाय स्थानीयतहमा गाभिए पनि जिल्लाका कुनै स्थानीयतहले आआफ्ना कार्यालयमा कृषि शाखा व्यवस्थित नगर्दा आम किसानले खेतीपातीसम्बन्धी राय सल्लाह लिन नपाएको गुनासो गरेका छन्।

"सम्बन्धित स्थानीयतहले आफ्नो कार्यालयमा दक्ष कृषि प्राविधिकसहितको कृषि शाखा व्यवस्थित गर्नपर्ने हो, तर खै यी काममा नगर नेतृत्वको चासो देखिन्न", भङ्गाहा-९ हरिहरपुरका किसान सुनिल यादवले भन्नुभयो, "कृषि कुनै स्थानीयतहको प्राथमिकतामा देखिँदैन", उहाँको भनाइमा सही थाप्दै कृषि क्षेत्रको सरकारी सेवाबाट अवकाश लिनुभएका भङ्गाहा-६ सग्रामपुरका बासिन्दा बागवानीविज्ञ राजकिशोर यादवले जिल्लाका १५ स्थानीयतहमध्ये कुनैले व्यवस्थित कृषि शाखा सञ्चालन गरेका नदेखिएको बताउनुभयो।

जिल्लामा बर्दिबास, गौशाला, भङ्गाहा , मनराशिश्वा, मटिहानी र जलेश्वर नगरपालिका क्षेत्र एवं पिपरा गाउँपालिका क्षेत्रमा व्यावसायिकरुपमै आँप बगैँचा लगाइएको छ। सबैजसो क्षेत्रमा मधुवाले मञ्जर डढाएर कालो बनाएपछि केही लागेका टिकोला पनि चाउरिएर नबढेका किसान बताउँछन्।

"यसपालि अब आँपबाट आम्दानी लिने आश मऱ्यो", मधुवाले डढाएर कालो बनाएको मञ्जरतिर देखाउँदै पशुपतिनगरकै अर्का फलफूल किसान सुरजसिंह कुशवाहाले खिन्न हुँदै भन्नुभयो। उहाँको दुई बिघा क्षेत्रफलमा आँप बगैँचा छ। जसमा २० प्रतिशत रुखमामात्र टिकोला अडेका उहाँको भनाइ छ। "मधुवा नियन्त्रणका लागि उपचार गरिएपनि रोग नियन्त्रण हुन सकेको छैन", उहाँले आफ्नो आँप बगैँचामै पुगेका सञ्चारकर्मीसँग भन्नुभयो। सुरुमा मञ्जर खिलेदेखि नै पानीको फोहरा चलाएर प्राकृतिक उपचार गरिए पनि त्यसले मधुवा रोक्न नसकेको किसान बताउँछन्।

यसपालि मङ्सिरयता फागुन मसान्तसम्मै पानी नपरेपछि मधुवाले गाँजेको आम किसानको भनाइ छ । "हिउँदे वर्षा भएन, बाल्टीनबाट पानीको फोहराले कति धान्नु ?" किसान भोला महतोले भन्नुभयो, "राम्ररी हिउँदे वर्षा भएको भए मञ्जर धोइएर मधुवा बढ्ने थिएन", यसपालि हिउँद सकिएपछिमात्रै चैत लागेपछिमात्रै हलुका पानी पऱ्यो, यसले मधुवा रोक्न ढिलो भएको पाका किसानको भनाइ छ।

आँपमा मधुवाले गाँजेपछि यसपालि आँपको उत्पादन स्वात्तै घट्ने चिन्ताले किसानसँगै उपभोक्ता पनि पिरोलिएका छन्। "आँप प्रचुर फल्दा सस्तो हुने र गरिबले पनि आफ्नो सावगासअनुसार खान पाँउछन्", महोत्तरीको बर्दिबास-१ का बासिन्दा एवं उपभोक्ता हकहित संरक्षण मञ्च महोत्तरीका अध्यक्ष दीपेन्द्र पराजुलीले भन्नुभयो, "यसपालि भने मधुवाले मञ्जर नै डढाएपछि उत्पादन कम हुनेहुँदा गरिब उपभोक्ताले आँप राम्ररी खान पाउँने छैनन्।"

फलफूल विज्ञले भने मञ्जर खेल्नासाथै उपचार नगरिदा मधुवाको समस्या बढेको बताएका छन्। समयमा उपचार नगरिँदा मधुवाको समस्या बढेको लामो समयसम्म कृषि विज्ञका रुपमा सरकारी सेवामा रहेर अवकास लिनुभएका बर्दिबास-९ पशुपतिनगरका ज्ञानेन्द्रसिंह कुशवाहाको भनाइ छ। अहिले पनि लगातार उपचार सघन गरिदै लगिए रुखका अहिलेका टिकोला भने अड्चाउन सकिने उहाँले बताउनुभयो। आँपको रुखको जरा वरिपरि खनेर सिँचाइ गरिनसँगै फेदमा चुन दल्ने र मञ्जरमा पानीका फोहरा चलाएर प्राकृतिक उपचारले नै मधुवा रोक्न सकिने उहाँको भनाइ छ तर मधुवा लागिसकेपछि भने मञ्जर बचाउन विषादी उपचार नै गर्नुपर्ने उहाँले बताउनुभयो।

पानी लगातार फूलमा छर्किएसँगै जरामा पर्याप्त सिँचाइ गरिए मधुवा नलाग्ने र फूलमा दाना राम्रो लाग्ने फलफूल विज्ञ बताउँछन्। यसपालि हिउँदमा पानी नपरेको र किसानले आँपको जरा वरिपरि खनेर किरा मार्ने उपचार राम्ररी नगर्दा मधुवाले पिरोलेको कृषि सेवाकै सहसचिव पदबाट अवकास लिनुभएका भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेलको भनाइ छ।

जिल्लामा सात हजार हेक्टर जग्गामा व्यावसायिकरुपमै आँप खेती रहेको स्थानीयतहको तथ्याङ्कले देखाएको छ। पछिल्ला केही वर्षयता गाउँघरमा कृषि कामदार पाउन छाडिएपछि अन्य खेती गर्न छाडेर फलफूल लगाउने क्रम जिल्लामा ह्वात्तै बढ्दै गएको छ। फलफूल खेती बढ्दै गएसँगै तीनै तहका सरकारको चासो र सहयोग पाउनपर्ने किसान बताउँछन्।

# शैक्षिक सुधारका लागि स्थानीय तह र शिक्षक संगठनबीच सहकार्य

काठमाडौं, ९ वैशाख (रासस)।

तीन शिक्षक सङ्गठन नेपाल शिक्षक सङ्घ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र संस्थागत विद्यालय शिक्षक युनियनले शैक्षिक रूपान्तरण र दिगो विकास लक्ष्य नं ४ प्राप्तिका लागि स्थानीय तहसँग सहकार्य बढाउने भएका छन्।

अन्तर्राष्ट्रिय शैक्षिक संस्था एजुकेशन इन्टरनेशनलमा आबद्ध ती तीन सङ्गठनले सन् २०२२ देखि नेपालमा ट्रेड युनियन र शैक्षिक अधिकारका लागि युनियनको अभियान (युनाइट) कार्यक्रम आरम्भ गरेका छन्।

उक्त कार्यक्रमअन्तर्गत तीन वटा स्थानीय सरकार (नगरपालिकासँग) सम्झौता सहजीकरण गर्ने सहमति गरेको छ। सो क्रममा चितवनको इच्छाकामना गाउँपालिका, मकवानपुरको हेटौँडा उपमहानगरपालिका र मकवानपुरगढीका प्रमुखले शैक्षिक समस्या समाधान गर्न युनियनसँग सामाजिक संवाद समिति गठन र वर्षमा दुई पटक बैठक गर्ने सहमति गरेका छन्। सोअन्तर्गत स्थानीय सरकारले विभिन्न शैक्षिक समस्यालाई सम्बोधन गर्न दीर्घकालीन योजना बनाउनेछन्।

गाउँपालिका महासङ्घसँग पनि संवाद र सहकार्यको प्रयास गरिने संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापाले जानकारी दिनुभयो।

यस्तै प्रत्येक बालबालिकाको शिक्षाको अधिकार, विद्यालयलाई प्रविधिमैत्री बनाउने, प्रसुति बिदाको समयमा वैकल्पिक शिक्षक उपलब्ध गराउने, निजी लगानीमा सञ्चालित विद्यालयका शिक्षकको पारिश्रमिक सामुदायिक विद्यालयका शिक्षकसरह पुऱ्याउने र सामाजिक सुरक्षा कोषमा दर्ता गराउने, आपत्कालीन अवस्थाको तयारीलगायतका विषयमा तत्काले सहमति भएको छ।

अभियानले ट्रेड युनियन अधिकार, लैङ्गिक समानता, कमजोर समूहहरूको गैरभेदभाव, वातावरणीय सङ्क्रमण र जलवायु लचिलोपन, सभ्य कामको प्रकृति हुनुपर्ने कुरालाई सम्बोधन गर्दै र सामाजिक सुरक्षालाई सम्बोधन गर्न ठोस सुधार सिर्जना गर्न प्रतिबद्धता जनाएको छ।

उक्त प्रतिबद्धता सार्वजनिक गर्न शुक्रबार आयोजित कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरिप्रसाद लम्सालले शिक्षकका पेसागत माग र शैक्षिक माग सम्बोधनका लागि निरन्तर संवाद भइरहेको तर तत्कालका लागि शिक्षकको सुविधा नबढ्ने बताउनुभयो।

अभियानले सार्वजनिक शिक्षा सुधारका लागि शिक्षकको सुविधा र सम्मान सुनिश्चित हुनुपर्ने, शिक्षक तालिममा सुधार गरी शिक्षकको कामको बोझ कम गर्नुपर्ने र शिक्षामा कूल बजेटको कम्तीमा २० प्रतिशत बजेट विनियोजन हुनुपर्नेलगायत माग गरेको छ।

उक्त प्रतिबद्धता र मागमा युनियनका अध्यक्ष थापा, सङ्गठनका अध्यक्ष अध्यक्ष विष्णुप्रसाद भण्डारी, सङ्घका अध्यक्ष सोमनाथ गिरीले संयुक्त हस्ताक्षर गर्नुभएको छ।

## विश्व समाचार

### प्रधानमन्त्री सहभागी हुने कार्यक्रममा आत्मघाती हमलाको धम्की

नयाँदिल्ली, ९ वैशाख (रासस/पिटिआई)।

प्रधानमन्त्री नरेन्द्र मोदीको यही वैशाख ११ गते दक्षिणी राज्य केरलामा हुने सार्वजनिक कार्यक्रममा आत्मघाती आक्रमण गर्ने धम्कीयुक्त पत्र आएपछि राज्यभर उच्च सुरक्षा सतर्कता अपनाइएको छ। आगामी सोमबार प्रधानमन्त्री मोदीको कोची कार्यक्रममा आत्मघाती आक्रमण गर्ने धम्कीयुक्त पत्र भारतीय जनता पार्टी (बिजेपी)को प्रदेश कार्यालयलाई प्राप्त भएको अधिकारीहरूले बताएका छन्। पत्र प्रेषकको नाम र अन्य विवरण पनि त्यसमा भएकाले सुरक्षाकर्मीले निजलाई पहिचान गरिएको बताएका छन्।

विपक्षीहरूले आफूलाई फसाउन आफ्नो नाम प्रयोग गरेका दाबी गर्दै ती आरोपित व्यक्तिले आफूले कुनै पत्र नलेखेको दोहोऱ्याएका छन्। केन्द्रीय अनुसन्धान निकायका अधिकारीले अनुसन्धान जारी राखेका तथा थप विवरण खोजिरहेका छन्।

बिजेपीका राज्यप्रमुख के सुरेन्द्रनले प्रधानमन्त्री मोदीका निर्धारित सबै कार्यक्रम हुने बताएका छन्। उहाँ सोमबार कोच्चीका कार्यक्रममा सहभागी भएर भोलिपल्ट तिरुवनन्तपुरममा वन्दे भारत एक्सप्रेसको उद्घाटन गर्ने र जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको राज्यप्रमुख सुरेन्द्रनले जानकारी दिएका छन्।

"प्रधानमन्त्री मोदीको केरला भ्रमणले राज्यको विकासलाई गति दिनेछ। राज्यका जनतामा ठूलो उत्साह र अपेक्षा छ। भ्रमणबाट केरलाको राजनीतिक परिवर्तन प्रारम्भ हुनेछ। पार्टी राजनीतिभन्दा माथि केरलाको विकास चाहनेहरू प्रधानमन्त्री मोदीका कार्यक्रममा सहभागी हुनेछन्," पत्रकारमाझ राज्यप्रमुख सुरेन्द्रनले भनेका छन्। यसैबीच, प्रहरी अतिरिक्त महानिर्देशकले सुरक्षा व्यवस्थाबारे उच्च निकायलाई लेखेको गोप्यपत्र सञ्चार माध्यमबाट सार्वजनिक भएकामा सत्तारुढ दलका नेताहरूले चिन्ता व्यक्त गरेका छन्। केरला निवासी विदेश राज्यमन्त्री एम मुरलीधरनले सुरक्षा निकायको गोप्यपत्रराज्य सार्वजनिक हुनुलाई प्रहरीको गम्भीर त्रुटी भनेका छन्।

### स्वतन्त्र ताइवानको वकालत गर्ने सङ्गठनविरुद्ध कारबाही

बेइजिङ, ९ वैशाख (रासस/सिन्ह्वा)।

चीनले ताइवानको स्वतन्त्रताको वकालत गर्ने सङ्गठनहरूविरुद्ध दण्डात्मक कारबाही थालेको छ।

ताइवानी सङ्गठन प्रस्पेक्ट फाउण्डेशन र एशियन लिबरल एण्ड डेमोक्र्याटिक काउन्सिलविरुद्ध बेइजिङले दण्डात्मक कारबाहीको घोषणा गरेको हो। दुवै सङ्गठनलाई मुख्यभूमिका सङ्गठन वा व्यक्तिसँग सहकार्यमा प्रतिबन्ध लगाइएको छ। अब ती सङ्गठनले मुख्यभूमिका साथै हङकङ र मकाउ विशेष प्रशासनिक क्षेत्रमा पनि प्रवेश पाउने छैनन्। मुख्यभूमिका सङ्घसंस्थालाई पनि प्रस्पेक्ट फाउण्डेशन र एशियन लिबरल एण्ड डेमोक्र्याटिक काउन्सिलसँग सहकार्य नगर्न आदेश दिइएको छ। ताइवान मामिलासम्बन्धी चीनको राज्यपरिषद् कार्यालयले ती दुई सङ्गठनले लोकतन्त्र, शैक्षिक आदानप्रदान, कार्यशाला तथा सहयोगको बहानामा गैरकानुनी काम गरेकाले कारबाही गरिएको जनाएको छ। उक्त कार्यालयका प्रवक्ता झु फेङलियानले ती संस्था चीन विरोधी शक्तिसँग मिलेर सङ्गठन विस्तारमा लागेका तथा एक चीन सिद्धान्तलाई उल्लङ्घनमा लागेकाले कारबाही गरिएको बताएका छन्।

आफ्नै संविधान र सरकार भएको ताइवान एक स्वशासित टापु हो। सन् १९४९ को गृहयुद्धपछि चीनबाट अलग भएको स्वतन्त्र ताइवानलाई आफ्नो अविभाज्य भूमिका रुपमा दाबी गर्दै बेइजिङले आवश्यक परेमा बल प्रयोग गरेर मुख्यभूमिमा गाभ्नसक्ने चेतावनी दिँदै आएको छ। राष्ट्रको 'एक चीन' सिद्धान्तअनुसार कुनै पनि देशले चीन र ताइवान दुवैसँग आधिकारिक कूटनीतिक सम्बन्ध कायम गर्न नसक्ने बताउँदै आएको छ।

### यौन हिंसा रोक्न युएन वुमनको आग्रह

संयुक्त राष्ट्रसङ्घ, ९ वैशाख (रासस/सिन्ह्वा)।

लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय युएन वुमनले सुडानी महिला तथा युवतीहरूमा युद्धले नकारात्मक असर पारेको जनाउँदै यौन हिंसा हुननदिन तथा त्यसविरुद्ध कारबाही गर्न सम्बद्ध पक्षसँग आग्रह गरेको छ।

"युएन वुमन सुडानमा जारी द्वन्द्वबाट हामी गम्भीररूपमा चिन्तित छौं, हामी हाम्रा साझेदारका साथ छौं युद्धले सुडानी महिला र युवतीको जीवनमा पनि गम्भीर प्रभाव पारेको छ।

हामी सुडानका जनतासँग ऐक्यबद्धता जनाउँछौं, महिलाहरूलाई हिंसामुक्त राख्न प्रतिबद्ध रहनुहोस्, "लैङ्गिक समानतामा समर्पित उक्त निकायकी कार्यकारी निर्देशक सिमा बहौसले एक विज्ञप्तिमा भनेकी छन्।

युद्ध चर्केसँगै यौन हिंसा र महिला हिंसाका घटना बढेका विवरण सार्वजनिक भएसँगै उक्त संस्थाले सहनशील सुडानी महिलाहरू शान्तिको खोजीमा रहेका तथा देशमा शान्ति कायम गर्ने दिशामा उनीहरूको भूमिका आवश्यक भएको बताउँदै विज्ञप्तिमा कुनै पनि महिला कुनै पनि बहानामा प्रताडित वा हिंसाको शिकार हुननहुने तथा उनीहरूको सुरक्षा सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ। साथै युएन वुमनले वार्ताको माध्यमबाट समस्याको निकास खोज्न आग्रह गर्दै स्थायी युद्धविरामका निम्ति आह्वान गरेको छ।

# दलित तथा अल्पसंख्यक विपन्न वर्गको उत्थान तथा रोजगारीको ग्यारेन्टी माग गर्दै प्रदर्शन




**दैनिक समाचारदाता राजविराज, ९ बैशाख ।**

दलित तथा अल्पसंख्यक, विपन्न वर्गको उत्थान तथा रोजगारीको ग्यारेन्टी माग गर्दै शनिबार राजविराजमा दलित तथा विपन्न समुदायले प्रदर्शन गरेका छन् ।

दलित तथा अल्पसंख्यक विपन्न वर्ग विकास सेवा समिति केन्द्रिय कार्यालय कंचनरुप नगरपालिकाको अगुवाईमा स्थानिय शिव मन्दिर प्राङ्गणबाट निस्केको जुलुसमा गाउँ गाउँबाट ठूलो संख्यामा महिला तथा राष्ट्रवादी यूवा लेखिएको भेष्ट लगाएर यूवाहरु सहभागि भएका थिए ।

दलित विपन्नको समस्या समाधान गर, रोजगारी शिक्षा र आवासको व्यवस्था गर, हिन्दु धर्म संस्कृतिको संरक्षण र सम्वर्द्धन गर लगायतका नारासहित स्थानिय शिवमन्दिरको प्राङ्गणबाट सुरु भएको र्‍याली नगर परिक्रमा पश्चात् सोही ठाउँमा पुगेर सभामा परिणत भएको थियो ।

समाजसेवी उम्मेश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित सभामा बोल्दै समितिका अनुगमन विभागका प्रभारी विश्व मल्लले पंचायतकालमा पूर्ण संचालनमा रही हजारौं यूवालाई रोजगारी दिइएको बिराटनगर जुट मिल, जनकपुरस्थित चुरोट कारखाना र बुटवलस्थित धागो उद्योग लगायतका कारखाना र उद्योगहरु अहिले बन्द अवस्थामा रहेका कारण धेरैले बेरोजगार बन्नु परेको जिकिर गरे ।

समाजसेवी तुलाराम लुईटेलले दलित तथा विपन्नलाई लक्षित गरेर रोजगारीको व्यवस्था अहिलेको मुख्य आवश्यकता रहेको बताए । समाजसेवी सीताराम मण्डलले राष्ट्को उन्नती र प्रगतीका लागि विपन्न वर्गको उत्थान पनि उत्तिकै जरुरी रहेको बताए ।

समाजसेवी शिवलखन मण्डलले हिन्दु धर्म संस्कृतीको रक्षा, दलितहरुको सशक्तिकरणका लागि विभिन्न कार्यक्रम तथा हिन्दु राष्ट्र घोषणा गर्न सरकारसँग माग गरे ।

समितिका कोषाध्यक्ष मदन श्रेष्ठले दलित भनेको शिल्पकार भएको जिकिर गर्दै सरकार तथा उपल्लो जातीले दलित भनेर होच्याउने गरेको बताए । उनले सम्मान गर्ने हो भने दलितलाई शिल्पकार भनेर सम्बोधन गर्न सबैसँग आग्रह गरे ।

समितिका अध्यक्ष विष्णुदेव यादवले हाल दलित तथा अल्पसंख्यक विपन्न वर्ग विकास समितिको केन्द्रिय कार्यालय सप्तरी जिल्लाको कंचनरुप नगरपालिकामा रहेको जानकारी दिँदै १८ वटै पालिकामा संस्थाको कार्यालय विस्तार गर्ने योजना रहेको बताए । संस्थामा आवद्ध भएकाहरुलाई शिपमूलक तालिमसँगै विपत परेका बेला राहत तथा अन्य सहयोग समेत उपलब्ध गराउने लक्ष्य रहेको उनको भनाई थियो ।

थ्डुस्सभामा सन्तबहादुर रुमला, कोपिला अधिकारी, जयप्रकाश ढुंगाना, सीताराम भण्डारी, कुमार बस्नेत, सन्तोष श्रेष्ठ, रामसुन्दर मण्डल, हिरा कार्की, परमेश्वर साह, केदार ओली, मानपुर चौधरीलगायतले पनि बोल्दै दलित तथा अल्पसंख्यक विपन्न वर्गको उत्थानका लागि सरकारले अविलम्ब विभिन्न योजना तथा कार्यक्रमहरु ल्याउनु पर्ने माग गरेका थिए ।

# पुनः एक महिला झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता राजविराज, ९ बैशाख ।**

सप्तरीमा एक महिला शुक्रबार आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेकी छिन् ।

जिल्लाको बोदेबरसाईन नगरपालिका वडा न. ५ भाटिन वस्ने ओम प्रकाश पँडितकी २५ वर्षिया श्रीमती यशोदा पँडित झुण्डिएको अवस्थामा फेला परेकी हुन् ।

प्रहरीका अनुसार उनीह आफ्नै घरको बासँको धरीनमा नाईनलको डोरीले पासो लगाई झुण्डीएको अवस्थामा खबर प्राप्त भएको थियो ।

यो सँगै जिल्लामा दुई महिनाको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या २५ पुगेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चालु आ.ब. २०७९/८० को हालसम्मको अवधीमा भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ८४ पुगेको छ । गत आर्थिक वर्ष ०७८/०७९ मा विष सेवन तथा झुण्डिएर १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ ।

# आगलागिमा तीन घर जलेर नष्ट

**दैनिक समाचारदाता राजविराज, ९ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं १ बरहिबिरपुर टोलस्थित शुक्रबार तीन वटा घरमा आगलागि भएको छ ।

स्थानिय महेश्वर मेहताको भुस राख्ने घरमा आगलागि हुँदा २ लाख, सिङगेशर मेहताको घरमा आगलागि हुँदा ८० हजार तथा बैजनाथ मेहताको घरमा आगलगी हुदा ४ लाख गरि ६ लाख ८० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उक्त आगलागी नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयबासि र राजबिराज नगरपालिकाको दमकलको सहयोगमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# युवकको हत्या गर्ने दुई पक्राउ

कलैया, ९ वैशाख (रासस) ।

युवकको हत्या गरी फरार रहेका दम्पतीलाई बारा प्रहरीले पक्राउ गरेका छ । पक्राउ पर्नेमा पर्साको वीरगञ्ज महानगरपालिका-१५ भिस्वा बस्ने वर्ष २४ का रामु भनिने कैलास महतो र रोसनी भनिने २० वर्षकी हिरादेवी रहेको प्रहरी उपरीक्षक होमिन्द्र बोगटीले जानकारी दिनुभयो ।

विसं २०७९ मङ्सिर २७ गते राति अन्दाजी ९ बजेको समयमा विश्रामपुर गाउँपालिका-५ इटयाही टोलस्थित दरबार कोलनी क्षेत्रमा भुलन चौरसियाको खेतमा रहेको परालको भुसमा जितपुर सिमरा उपमहानगरपालिका-८ राजानगर टोलमा बस्ने वर्ष २२ का सुरज भनिने महेश साहको हत्या गरेर शव लुकाइराखेको अवस्थामा फेला परेको प्रहरीले जनाइएको छ ।

प्रहरीका अनुसार हिरादेवी र मृतक महेश कोठामा सँगै बस्ने गरेको भए पनि महेश र हिरादेवीबीच विवाह गर्ने कुरा भएको तर हिरादेवीको पहिला नै विवाह भई छोरीसमेत भएको हुँदा महेशको घर परिवारका मानिसले विवाह गर्न मानेका थिएनन् ।

गत मङ्सिर २७ गते राति हिरादेवी र महेशलाई हिरादेवीका श्रीमान् कैलाशले दुवैलाई घटनास्थल नजिकै साथमा भेटेपछि मृतकसँग विवाद भई निजहरुले तारले घाँटीमा कसी कर्तव्य गरी मारी शव लुकाउने उद्देश्यले परालको भुसमा लुकाइराखेर भागेको प्रहरीले जनाएको छ ।

भाग्ने क्रममा भारतको बिहारदेखि दिल्ली हुँदै केरला मलप्पुरम जिल्ला पुगेकामा निजहरुलाई केरला प्रहरीसँग समन्वय गरी खोजतलास गरिरहेकामा यही वैशाख ६ गते नेपाल र भारतको सीमाना नजिकबाट प्रतिवादी कैलाश र हिरादेवीलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक बोगटीले बताउनुभयो ।

पक्राउ परेका निजहरुलाई कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# संक्रमणका कारण थप एकको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ९ बैशाख ।**

कोरोना संक्रमणका कारण थप एक जनाको मृत्यु भएको छ । यो सँगै चार दिनको अवधीमा मृत्यु हुनेको संख्या ४ पुगेको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार २२४ जनाको पीसीआर परीक्षणमा २० र ९ सय २४ जनाको एन्टिजेन परीक्षणमा ५८ जना गरी ७८ जनामा संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा ५० जना कोरोना संक्रमण मुक्त भएर डिस्चार्ज भएका छन् । हाल ३ सय ८३ जना सक्रिय संक्रमित रहेका छन् ।

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

➤ अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गरौं।
➤ अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य तथा शिक्षाको अवसर उपलब्ध गराऔं।
➤ अपाङ्गता भएका व्यक्तिको सीप र क्षमता विकास गरी आर्थिक क्रियाकलापमा सहभागी बनाऔं।
➤ अपाङ्गता भएका उद्यमीको उत्पादनलाई एकिकृत बजारीकरण गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np